नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

पत्र संख्याः-२०७६/०७७
चलानी नं.:- २३६

मितिः-२०७६/०९/२१

विषयः कन्सुलर प्रमाणीकरण सम्बन्धमा ।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालयको प.सं.२०७६/७७, च.नं.CSCADM७६२००९४, मिति २०७६/०९/२० को कन्सुलर प्रमाणीकरण सम्बन्धी प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई सो अनुसार गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

..................
जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थः-**
श्री परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, सिंहदरबार, काठमाण्डौ ।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
काठमाण्डौ

प्रशासन शाखा

प.सं.: कन/४/२०७६/७७ मितिः२०७६/०९/२०

च.नं. CSCADM७६२००९४

(अत्यन्त जरुरी)

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

विषयः कन्सुलर प्रमाणीकरण सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा केन्द्रीय पञ्जीकरण विभागको च.नं. १०१७ मिति २०७४/०२/०३ को र यस विभागको च.नं. ADM७६२९०६२० मिति २०७६/०६/२९ को संलग्न पत्रहरुको सन्दर्भमा तहाँ मन्त्रालयबाट देहायबमोजिमका व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छः

देहायः

(क) स्थानीय निकायहरुबाट जारी हुने जन्मदर्ताको प्रमाणपत्र, विवाहदर्ताको प्रमाणपत्र, अविवाहित प्रमाणपत्र, मृत्य दर्ताको प्रमाणपत्र लगायत अन्य कागजातहरु विदेशमा प्रयोग हुने प्रयोजनका लागि यस विभागबाट कन्सुलर प्रमाणीकरण (Consular Attestation) भइरहेको ब्यहोरा अवगतै छ । विभागमा प्रमाणीकरणका लागि पठाउनु पूर्व गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिकाको केन्द्र वा वडाको स्थानीय पञ्जीकाधिकारीबाट जारी भएका विभिन्न कागजातहरुमा सम्बन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पञ्जिकरण शाखा हेर्ने अधिकृतस्तरको शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट अनिवार्य रुपमा प्रमाणीकरण (Verify) गराएर पठाउनु पर्ने व्यवस्था रहेकोमा सो नभई आएको कारण दैनिक रुपमा कैयौं सेवाग्राहीहरु फर्केर जानु पर्ने अवस्था रहेकोले स्थानीय निकायको वडा कार्यालयबाट जारी कागजातहरुलाई सम्बन्धित अधिकृतस्तरको कर्मचारीबाट अनिवार्य रुपमा प्रमाणीकरण (Verify) गरेर पठाउने व्यवस्था हुन ।

(ख) वडा कार्यालयहरुले कागजात जारी गर्दा सेवाग्राहीलाई उपर्युक्त अनुसारको जानकारी अनिवार्य गराउने व्यवस्था हुन ।

(ग) माथि उल्लेखित यस विभागको पत्रबाट अनुरोध भएबमोजिमको हस्ताक्षरको नमूना बाँकी रहेका स्थानीय निकायहरुबाट शीघ्र उपलब्ध गराउने व्यवस्था हुन तथा कर्मचारीहरु परिवर्तन/सरुवा भएमा नयाँ वहाल हुने कर्मचारीको हस्ताक्षरको नमूना समेत उपलब्ध गराउदिने व्यवस्था हुन ।

फोन नं. ४२६०१०८,४२६०१२१ फयाक्स ००९७७-१-४२६०११४

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
काठमाडौं

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
काठमाण्डौ

(घ) कागजातको आधिकारिकता रुजु गर्न वा स्थानीय निकायबाट जारी कागजातको सम्बन्धमा थप बुझ्नु परेमा हस्ताक्षर गर्ने पदाधिकारीहरुसँग सीधा सम्पर्क गर्न सकिने मोबाइल/फोन नं. उपलब्ध गराइदिने व्यवस्था हुन ।

(बिनोद मुखिया)
कन्सुलर अधिकृत

बोधार्थः
श्रीमान् सचिवज्यू,
परराष्ट्र मन्त्रालय, सिंहदरबार ।

फोन नं. ४२६०१०८,४२६०१२१ फयाक्स ००९७७-१-४२६०११४

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाण्डौ

फोन नः- ०१-४२३३८७९
फ्याक्सः- ०१-४२५८२४०

प.स.२०७३/७४
च.नं. 1096

मिति २०७४।०२।०३

विषयः- निर्देशन सम्वन्धमा ।

श्री महानगरपालिका कार्यालय सबै,
श्री उपमहानगरपालिका कार्यालय सबै ,
श्री नगरपालिका कार्यालय सबै,
श्री गाउँपालिका कार्यालय सबै ।

प्रस्तुत सन्दर्भमा नेपाल सरकार (सचिवस्तर) को मिति २०६८/०२/२४ को साविकको व्यवस्था वर्तमान परिप्रेक्ष्यमा अनुकूल नभएकोले स्थानीय तहहरु (गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट जारी भएका व्यक्तिगत घटना दर्ता प्रमाणपत्र, नाता प्रमाणित तथा अन्य कागजातहरुमा कन्सुलर प्रमाणीकरण र आधिकारिकता प्रमाणीकरण सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०१/२४ को निर्णयानुसार देहाय वमोजिमको निर्देशन कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ।

**देहाय :-**

**१. कन्सुलर प्रमाणीकरण सम्बन्धमा :-**

(क) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको केन्द्र वा वडाको स्थानीय पन्जिकाधिकारीबाट जारी व्यक्तिगत घटना दर्ताको प्रमाण पत्र तथा नाता प्रमाणित लगायत अन्य कागजातहरुमा सर्म्बन्धित गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पंजीकरण शाखा हेर्ने अधिकृत स्तरको शाखा प्रमुख वा कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीले प्रमाणित गरी आएका प्रमाणपत्रहरुमा कन्सुलर सेवा विभागले कन्सुलर प्रमाणीकरण गर्ने ।

(ख) प्रमाणीकरणलाई विश्वासिलो र सहज बनाउन कन्सुलर सेवा विभागलाई गाउँपालिका,नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकाका कन्सुलर प्रमाणीकरण गर्ने अधिकृत कर्मचारी (प्रमाणीकरणको अधिकार भएका) को दस्तखत नमुना कन्सुलर सेवा विभागमा पठाउनु पर्ने ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाण्डौ
फोन नः- ०१-४२३३८७९
फ्याक्सः- ०१-४२५८२४०

२. आधिकारिकता प्रमाणीकरणको सम्बन्धमा :-

(क) घटना दर्ता प्रमाण पत्र तथा अन्य कागजातको आधिकारिकता प्रमाणीकरणको लागि सम्बन्धित वैदेशिक नियोगका कार्यलयबाट सिधै नेपाल स्थित कन्सुलर सेवा विभागलाई लेख्ने ।

(ख) कन्सुलर सेवा विभागले सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) लाई प्राप्त घटना दर्ताको प्रमाण पत्र तथा अन्य कागजात आधिकारिकता भएको वा नभएको बारे लेख्ने ।

(ग) कन्सुलर सेवा विभागबाट गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकामा आधिकारिकता प्रमाणीकरणको लागि पत्र प्राप्त भएमा दर्ता किताबमा भिडाई आधिकारिक भए नभएको यकिन गर्ने ।

(घ) आधिकारिकता प्रमाणीकरणको लागि प्राप्त पत्र तथा अन्य कागजात आधिकारिक ठहरिएको वा आधिकारिक नठहरिएको के हो सो सम्बन्धमा कन्सुलर सेवा विभागलाई लेखि पठाउने । सोको जिम्मेवारी सम्बन्धित गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृतिलाई दिने र कार्यकारी अधिकृतले आवश्यक देखेमा सो को जिम्मेवारी पंजीकरण शाखा हेर्ने अधिकृत स्तरको शाखा प्रमुख वा कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीलाई दिन सकिने ।

(ङ) कन्सुलर सेवा विभागले गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका बाट प्राप्त जवाफ अनुसार सम्बन्धित वैदेशिक नियोगका कार्यालयलाई लेखि पठाउने ।

२०७४/२/३

अनिल कुमार ठाकुर
(महानिर्देशक)

**वोधार्थ तथा कार्याथ :-**

श्री कन्सुलर सेवा विभाग,त्रिपुरेश्वर ,काठमाण्डौ
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै

नेपाल सरकार

परराष्ट्र मन्त्रालय

# कन्सुलर सेवा विभाग

च. नं. ADM७६२९०६२०

मिति:२०७६/०६/२१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

<u>विषयः नमूना हस्ताक्षर उपलब्ध गराईदिने सम्बन्धमा ।</u>

यस विभागमा नेपाल सरकारको विभिन्न स्थानीय निकायहरुबाट जारी भएको कागजात प्रमाणिकरण (attestation) का लागि सेवाग्राहीहरु आउनुहुने र कतिपय अवस्थमा यसरी प्राप्त भएका कागजातहरु फर्जी समेत हुने भएकोले ती निकायहरुबाट जारी भएको कागजातहरुको आधिकारिकताका सम्बन्धमा स्पष्ट हुनकालागि उक्त कागजातहरु जारी गर्ने अधिकारीहरुको हस्ताक्षरको नमूना अति आवश्यक हुने व्यहोरा अनुरोध छ । अतः तहाँ मन्त्रालय मार्फत नेपाल सरकारको प्रत्येक स्थानीय निकायको कागजात जारी/प्रमाणिकरण गर्ने अधिकारीको नमूना हस्ताक्षर (सम्भव भएसम्म डिजिटल प्रति समेत) यस विभागलाई यथाशीघ्र उपलब्ध गराईदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

(नमूना हस्ताक्षरको डिजिटल प्रति यस विभागको इमेल ठेगाना <u>attestation@mofa.gov.np</u> मा प्रेषित गरिदिनुहुन अनुरोध छ ।)

सुजनी राना

शाखा अधिकृत